का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० असार २०८१,
सोमबार
24 June 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १३२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचार मुद्दा



## अर्याल स्वत: निलम्बन

विशेष अदालतमा मुद्दा दायर गरेसँगै मुख्यसचिव वैकुण्ठ अर्याल स्वत: निलम्बनमा परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १७ अनुसार मुख्यसचिव अर्याल स्वत: निलम्बित भएका हुन् । दफा १७ मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिलाई मुद्दा दायर गरेपछि मुद्दा किनारा नभए सम्मको अवधिभर त्यस्तो व्यक्ति स्वत: निलम्बन भएको मानिनेछ भन्ने व्यवस्था रहेको छ ।

मुख्य सचिव अर्याल २०८० साल जेठ ३२ गते मुख्य सचिवमा नियुक्त भएका थिए । मुख्यसचिव निलम्बनमा परेसँगै प्रधानमन्त्री कार्यलयकी वरिष्ठ सचिव लीलादेवी गडतौलाले निमित्त मुख्य सचिव सम्हाल्दै छिन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेका सचिवहरू कृष्णहरि पुष्कर र नारायण दवाडीभन्दा गड्तौला वरिष्ठ सचिव रहेकी छिन् ।

कायम मुकायम मुख्य सचिव नियुक्तका लागि भने हाल रहेका सचिव मध्येबाट वरिष्ठ सचिवलाई मन्त्रिपरिषद् बैठकले नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १७ मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिलाई मुद्दा दायर गरेपछि मुद्दा किनारा नभएसम्मको अवधिभर त्यस्तो व्यक्ति स्वत: निलम्बन भएको मानिनेछ भन्ने व्यवस्था छ ।

**नेपालको इतिहासमा पहिलोपटक बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचार आरोपमा मुद्दा दर्ता भएको छ। अदालतबाट दोषी ठहर भए शक्तिशाली पदमा रहेपनि कसैले छुट पाउँदैन भन्ने सन्देश जानेछ । अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि नै प्रश्न उठ्न सक्छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असार ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अन्त:शुल्क स्टिकर छपाई खरिद प्रकरणमा भ्रष्टाचार गरेको आरोपमा १२ जनाविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले आइतवार विशेष अदालतमा मुख्यसचिव डा. वैकुण्ठ अर्यालसहित १२ जनाविरुद्ध मुद्दा दायर गरेको हो । सार्वजनिक संस्थाको सम्पत्ति हानी नोक्सानी पुऱ्याएर भ्रष्टाचार गरेको आरोप उनीहरुविरुद्ध अदालतमा मुद्दा दायर भएको हो ।

सरोकारवालाहरूका अनुसार नेपालको इतिहासमा पहिलोपटक बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचार गरेको आरोपमा अदालतमा मुद्दा दायर भएको हो । अदालतबाट दोषी ठहर भए शक्तिशाली पदमा रहेतापनि अपराध गर्नेले छुट पाउँदैन भन्ने सन्देश जान्छ । अन्यथा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि नै प्रश्न उठ्न सक्छ ।

कतिपयले कमजोर अभियोजनमा अख्तियारले मुद्दा लगेको टिप्पणी गरिरहेका बेला अख्तियारले प्रर्याप्त अनुसन्धान भएको जनाएको छ ।

मुद्दामा विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार मुख्यसचिव अर्यालसहित तत्कालीन आन्तरिक राजस्व विभागका महानिर्देशक रहेर अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, आन्तरिक राजस्व विभागका >>> पृष्ठ २ मा



सार्वजनिक संस्थाको सम्पत्ति हानी नोक्सानी पुऱ्याएर भ्रष्टाचार गरेको आरोपमा मुख्यसचिव वैकुण्ठ अर्याल सहित १२ जनाविरुद्ध मुद्दा दायर भएको छ ।

■ **धनबहादुर कार्की**
**प्रवक्ता, विशेष अदालत**

# दलहरूले बनाए प्रतिष्ठा प्याकुरेलले गरे अस्वीकार

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ९ असार ।

कोरियाको राजदूतमा सिफारिस भएका सुशील प्याकुरेलले पद अस्वीकार गरेका छन् । गत शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले दक्षिण कोरियाको राजदूतमा प्याकुरेलको नाम सिफारिस गरेको थियो ।

प्रमुख सत्ताघटक नेकपा एमालेको कोटाबाट प्याकुरेल राजदूत सिफारिस भएका थिए । तर प्याकुरेलले राजदूत सिफारिसमा असन्तुष्टि जनाउँदै पद अस्वीकार गरेका हुन् ।

पद अस्वीकार गर्दै प्याकुरेलले प्रधानमन्त्री पुष्पकमल दाहालको सचिवालयलाई पत्र बुझाएका छन् । उनले राजदूत सिफारिस गरेकोमा प्रधानमन्त्रीलाई धन्यवाद दिँदै आफ्नो रुचि र सहमति नभएको पत्रमा उल्लेख गरेका छन् ।

राजनीतिक दलहरूले सत्ता गठबन्धनको चाहना अनुसार राजदूत फेरेर प्रतिष्ठाको विषय बनाउँदा सिफारिसमा परेका सुशील प्याकुरेलले पद अस्वीकार गरिदिएका हुन् । विज्ञ व्यक्तिमाथि दलीय आवद्धता देखाइदिने प्रवृत्तिलाई राजदूत पद अस्विकार गरेर प्याकुरेलले शीर्ष नेताहरूलाई नैतिकताको झापड हानेका हुन् ।

**राजनीतिक दलहरूले सत्ता गठबन्धनको चाहना अनुसार राजदूत फेरेर प्रतिष्ठाको विषय बनाउँदा सिफारिसमा परेका सुशील प्याकुरेलले पद लिन अस्वीकार गरेका हुन् । विज्ञ व्यक्तिमाथि दलीय आवद्धता देखाइदिने प्रवृत्तिलाई राजदूत पद अस्वीकार गरेर प्याकुरेलले शीर्ष नेताहरूलाई नैतिकताको झापड हानेका हुन् ।**

बिहीबार सत्ता गठबन्धनका तीन प्रमुख दलले राजदूतको भागवण्डा गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली र उपप्रधानमन्त्री तथा रास्वपाका सभापति रवि लामिछानेबीच भएको छलफलले ११ देशको राजदूतमा भागवण्डा गरेको थियो ।



रिक्त ११ मध्ये सत्तारुढ दलहरुबीच भागवण्डा भएको थियो । त्यसअनुसार शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले आठ वटा देशका लागि राजदूत सिफारिस गरेको थियो । भारतका लागि राजदूतमा पूर्वमुख्यसचिव तथा बेलायतका लागि पूर्वराजदूत लोकदर्शन रेग्मी सिफारिस भएका छन् ।

तत्कालीन नेकपा नेतृत्वको सरकारले उनलाई बेलायतका लागि राजदूत नियुक्त गरेर तत्कालीन परराष्ट्रसचिव शंकरदास बैरागीलाई मुख्यसचिव नियुक्त गरेको थियो । नेकपा फुटसँगै गठन भएको कांग्रेस-माओवादी गठबन्धन सरकारले रेग्मीसहितका राजदूतलाई फिर्ता बोलाएको थियो ।

सरकारले अमेरिकाका लागि पूर्ववाणिज्यसचिव तथा कोलकाताका लागि पूर्वमहावाणिज्यदूत भइसकेका चन्द्रकुमार घिमिरेलाई राजदूतमा सिफारिस गरेको छ । बेलायतका लागि सरकारले डा. विजन पन्तको नाम सिफारिस गरेको छ । अक्सफोर्ड विश्वविद्यालयमा अन्तर्राष्ट्रिय >>> पृष्ठ २ मा

### छाउगोठमा किशोरी बलात्कृत

# संसदमा उठ्यो प्रश्न जवाफ दिन गृहमन्त्रीलाई रुलिङ

**मुकुन्द लायमिछाने/मध्यान्ह**
काठमाडौं, ९ असार ।

अछामको पञ्चदेवल नगरपालिका-२ मा एक छाउगोठमा किशोरी बलात्कृत भएको विषय संघीय संसदमा उठेको छ । सरकार गम्भीर नभएको भन्दै सांसदहरूले प्रश्न गरे गरेपछि राष्ट्रिय सभाले उक्त घटनाकबारे जवाफ दिन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई रुलिङ गरेको छ ।

आइतबार बसेको बैठकमा राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले जवाफ दिन गृहमन्त्रीलाई रुलिङ गरेका हुन् ।

'अछामको छाउपडीको विषयमा, जुन विषय उठेको छ, त्यसको बारेमा गृहमन्त्रीले आएर जवाफ दिन म ध्यानाकर्षण गराउँछु । सचिवालयलाई पत्र पठाउन म निर्देशन दिन्छु' अध्यक्ष दाहालले भने ।

यही असार असार ३ गते अछामको पञ्चदेवल विनायक नगरपालिका-२ मा एक किशोरी छाउगोठमा बलात्कृत भएकी थिइन् ।

मामाघरमा बसेर पढिरहेकी १६ वर्षीया किशोरी मध्यराति मामा नाता पर्नेबाट बलात्कृत भएकी थिइन् । प्रहरीले आरोपित १७ वर्षीय किशोरलाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार किशोरीलाई राति २ बजे पिसाब फेर्न छाउगोठ बाहिर निस्केका बेला मामा नाता पर्नेले बलात्कार गरेका थिए । बलात्कारपछि किशोरी बेहोस भएर अस्पताल >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# 'रिटर्नी उद्यमशीलता' मार्फत स्वदेशमै रोजगार: मन्त्री अर्याल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले विदेशबाट फर्किएकालाई रोजगारीको अवसर सिर्जना गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन हुने बताएका छन् ।

विनियोजन विधेयक-२०८१ को विभिन्न शीर्षकमाथि चलिरहेको छलफलका क्रममा जवाफ दिँदै मन्त्री अर्यालले विदेशबाट फर्किएकालाई यही काम गर्ने वातावरण बनाउनेगरी काम गरिरहेको बताए ।

'स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमजस्ता विविध कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालनमा आएका छन्', मन्त्री अर्यालले भने, 'वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीलाई स्वदेशमै उपयोग गर्नेगरी रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ ।'

नेपाली नागरिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप, पुँजी, प्रविधि र ज्ञानको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धन मार्फत् उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जना गर्न वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुन:एकीकरण परियोजना कोशी र मधेश प्रदेशका २० वटा स्थानीय तहमा कार्यान्वयन भइरहेको श्रममन्त्री अर्यालको भनाइ छ ।

पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुन: श्रमस्वीकृति सम्बन्धी सहजीकरण सेवा सबै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत् हुने व्यवस्था गरिएको मन्त्री अर्यालले बताए ।

वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्ति बापतको रकम सात लाखबाट बढाइ दश लाख हुनेगरी प्रस्ताव गरिएको छ ।

अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्ति सम्बन्धी सेवालाई समेत >>> पृष्ठ २ मा

## ६१ नयाँ म्यानपावर दर्ता, ४३ खारेज

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले चालू आर्थिक बर्षको एघार महिनामा ६१ वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएको बताएको छ । जेठ महिनाको प्रगति विवरण सार्वजनिक गर्दै विभागले वैशाखसम्म ५८ र जेठमा ३ गरी ६१ वटा नयाँ म्यानपावर कम्पनी दर्ता भएको बताएको छ ।

वार्षिक तीन हजार जनासम्म कामदार पठाउने कम्पनीलाई ५० लाख नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी, पाँच हजार जनासम्म कामदार पठाउने कम्पनीलाई एक करोड नगद धरौटी र तीन करोड रुपैयाँको बैंक ग्यारेन्टी तथा वार्षिक पाँच हजार जनाभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीलाई दुई करोड नगद धरौटी तथा चार करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेका छन् । यस बर्ष दर्ता भएका म्यानपावर कम्पनी वार्षिक तीन हजार जनासम्म कामदार पठाउने योजना बनाई ५० लाख नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी पेश गरेका छन् ।

यसअवधिमा ४३ वटा म्यानपावर कम्पनी खारेज गरिएको विभागले बताएको छ ।

विभागले दर्ता रहेका मध्ये ९८० वटा म्यानपावर कम्पनी सक्रिय रहेको अर्थात् उनीहरू कामदार पठाउन सक्रिय रहेको, ३७ वटा निष्कृय, एउटा निलम्बनमा >>> पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : WHITE SHIELD SECURITY SERVICE LLC   शहर : UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/२१   चलानी नं.: ६०२२०४७६   LT. No.: 305732   पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 80 | 0 | स. काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १५ गते (29 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)

Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Phone: 9851235143, 9803636760, 9845725482, 9858034684, 9869120271
9860528710, 9820293991, 9823045797, 9823779859, 9841136727

# ठोरी गाउँपालिकाले ल्यायो साढे ४७ करोड अनुमानित बजेट

**लालबाबु बानिया**
पर्सा, ९ असार




पर्साको ठोरी गाउँपालिकाको ११ औं गाउँसभा आइतबार सम्पन्न भएको छ। आगामी आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम र ४७ करोड ५३ लाख ३ हजारको अनुमानित बजेट पास गर्दै पालिकाको सभा सम्पन्न भएको हो। गाउँपालिकाका निमित प्रमुख प्रसाशकीय अधिकृत धर्मराज थापाले पालिकाको नीति तथा कार्यक्रम बजेट प्रस्तुत गरेका थिए। गाउँसभा जिल्ला समन्वय समिति पर्साकी सदस्य शुशिला बिकको प्रमुख अतिथ्यमा, ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठ को अध्यक्षतामा सम्पन्न भएको हो ।

पालिकाको आगामी बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन प्रवर्द्धन, खानेपानी, नदी नियन्त्रणलगायतमा जोड दिएको छ । गाउँपालिकाका अध्यक्ष थापाले आगामी दिनमा बजेट कार्यान्वयनको क्रममा स्थानीय राजनीतिकर्मी र स्थानीय जनसमुदायसँग सहयोग र सहकार्य गरी अगाडि बढ्ने बताए । गाउँसभा कार्यक्रममा उपाध्यक्ष गोकुली रेग्मीले स्वागत मन्तव्य राखेकी थिइन्।

सभामा वडाअध्यक्ष धनमान थापा मगर, अमृतकृष्ण सापकोटा, शम्भु खडका, मानबहादुर थिंग, अस्टबहादुर लोपचन, सहित माओवादी, कांग्रेस, एमाले लगायत पार्टीका नेतृत्वहरुले शुभकामना मन्तव्य राखेका थिए । सभाको सञ्चालन हेम चापागाईंले गरेका थिए भने गाउँसभामा, कर्मचारी र स्थानीयहरुको सहभागिता रहेको थियो।

पर्साको पटेर्वासुगौलीको अनुमानित बजेट ४९ करोड

पर्साको पटेर्वासुगौली गाउँपालिकाको १३ औं गाउँ सभा आइतबार सम्पन्न भएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै सभा सम्पन्न भएको हो। गाउँपालिकाका उपाध्यक्ष ममता महतोले ४९ करोड ११ लाखको अनुमानित बजेट र नीति तथा कार्यक्रम सार्वजनिक प्रस्तुत गरेकी थिइन्।

संघीय तथा प्रदेश सरकारको वित्तीय सम्मानीकरण अनुदानबाट १० करोड १२ लाख १५ हजार रुपैयाँ, सशर्त अनुदान अन्तर्गत १८ करोड ८ लाख, विशेष अनुदानतर्फ राजस्व बाँडफाँटबाट ९ करोड ६६ लाख ५० हजार, आन्तरिक आयमा २ करोड १५ लाख सामाजिक सुरक्षातर्फ ९ करोड गरी ४९ करोड ११ लाख रुपैयाँको बजेट विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने, आँखा अस्पताल निर्माण लगायतका ठूला योजनाहरुमा लगानी गरिने कार्यक्रम बजेटले समेटेको छ ।

त्यस्तै, बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन विकास, भौतिक निर्माण तथा स्थानीय कला संस्कृतिको विकास एवं संरक्षण गर्ने योजनाहरुमा विशेष जोड दिएका छन् ।

गाउँपालिका अध्यक्ष दिनेशकुमार चौधरीको अध्यक्षतामा भएको गाउँ सभाको प्रमुख अतिथि समाजसेवी परमेश्वर गौरो रहेका थिए। कार्यक्रममा वडाअध्यक्ष माधव राउत, बिजय गैरे, बासु पंजियार, फरमान मियाँ, बिपिन मुखिया, लगायत कार्यपालिका सदस्य, गाउँपालिका सदस्य, कर्मचारी, लगायतको सहभागिता रहेको थियो । सभाको सञ्चालन शिक्षा विभाग प्रमुख शम्भु साहले गरेका थिए ।

# राष्ट्रिय कविता महोत्सवमा १० जना कवि सर्वोत्कृष्ट घोषित




**काठमाडौं/मस**–नेपाल प्रज्ञा प्रतिष्ठानले यस वर्षको राष्ट्रिय कविता महोत्सवमा सर्वोत्कृष्ट दश कविलाई पुरस्कृत गरेको छ ।

प्रतिष्ठानको ६७ औं वार्षिकोत्सवका अवसरमा आइतबार आयोजना गरिएको राष्ट्रिय महोत्सव–२०८१ म सहभागी भएका कविहरुमध्ये मूल्यांकन समितिबाट सिफारिस भएअनुसार सर्वोत्कृष्ट १० जनालाई पुरस्कारका लागि छनोट गरिएको थियो । कार्यक्रममा सर्वोत्कृष्ट १० कविका रचना वाचनसमेत गरिएका थिए।

पुरस्कृत हुनेमा बर्दियाका अग्रआवाज, मकवानपुरका अनिता न्यौपाने, नवलपरासीका अञ्जान प्रदीप, दाङका छविलाल कोपिला, रोल्पाका दिलीप बुढामगर, मोरङका रुमानी कुलुङ, सिन्धुलीका रुपक 'जमरा' घलान, सिन्धुलीका रेजिना खालिङ, ललितपुरका शर्मिला दुलाल र पाँचथरका सुमन सहयात्री योङहाङ रहेका छन् ।

प्रतिष्ठानकी प्राज्ञ एवं कविता महोत्सव संयोजक बाबा बस्नेतका अनुसार महोत्सवका लागि देशभरबाट एक हजारभन्दा बढी कविता प्राप्त भएका थिए । तीमध्ये छ सय चार छनोट गरेर तेस्रो चरणका लागि २५ कविता छानिएकामा १० कवितालाई सर्वोत्कृष्ट घोषणा गरिएका थिए ।

प्रतिष्ठानका कुलपति भूपाल राईले पछिल्लो समय कविता महोत्सवलाई समावेशी बनाउने हेतुले बहुभाषा कविता छनोट गरिएको बताए । यसअघि पहिलो, दोस्रो र तेस्रो चरणमा विजेता बनाउने परम्परा रहेकामा यसपटक छनोट विधि परिवर्तन गरी १० रचना छानिएका उनले जानकारी दिए । 'प्रतिष्ठान कवि र सर्जकको सम्मान गर्ने थलो हो, प्रतिस्पर्धामा उतार्नुहुँदैन भनेर उत्कृष्ट १० रचना छानेका हौं', उनले भने, 'राष्ट्रिय कविता महोत्सव हुन सबै भाषा मातृभाषीका सर्जकको सहभागिता हुन जरुरी रहेको निष्कर्षसहित हामीले बहुभाषिक रचनामा जोड दिएका छौं ।'

विसं २०१४ मा स्थापना भएको प्रतिष्ठानले विसं २०२२ देखि राष्ट्रिय कविता प्रतियोगिता गर्दै आएको छ । अहिले यही प्रतियोगिताको नाम परिवर्तन गरेर महोत्सव राखिएको हो ।

कार्यक्रममा प्रतिष्ठानका उत्कृष्ट कर्मचारी सरेन्द्र महर्जन, दुर्गादेवी शर्मा र कुलराम थापालाई जनही रु.५० हजार राखिसहित पुरस्कार र सम्मान प्रदान गरिएको थियो ।

# दश क्वीन्टल सुपारी बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ असार



रौतहट प्रहरीले ठूलो परिमाणमा सुपारी बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार विशेष सूचनाको आधारमा चन्द्रपुर नगरपालिका वडा नम्वर १ पौराइस्थित पूर्व पश्चिम राजमार्ग प्रहरीको गस्ती टोलीले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको यात्रुबाहक बसको डिक्कीबाट करिब एक हजार किलो सुपारी बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले गस्तीमा रहेका प्रहरीले पौराइस्थित सडक खण्डमा झापाबाट नेपालगञ्जतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ४२९३ नम्वरको बस रोकी चेकजाँच गर्दा उक्त बसका पछाडि रहेको डिकीमा राखिएको ३३ बोरा सुपारी फेला परेको बताइन् । बरामद गरिएको सुपारीको मूल्य साढे आठ लाख रुपैयाँ बराबर रहेको बताउँदै प्रवक्ता गिरीले आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय बारा पथलैयाको जिम्मा लगाइएको बताइन् ।

# न्याय खोज्दै काठमाडौं आइपुगे दलित परिवार

**काठमाडौं/मस**– सप्तरीमा भएको दलित परिवारमाथि यादव समूहको सांघातिक आक्रमणको बचाउमा जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता महेश यादव लागेको परिवारले आरोप लगाएको छ। आइतबार क्रान्तिकारी दलित राजनीतिक संगठनले काठमाडौंको संवाद डबलीमा आयोजना गरेको कार्यक्रममा दलित संगठनले समेत सो कुराको दाबी गरेका छन् ।



पीडित रञ्जित कुमार पासवानले हरिसुदन यादवको नेतृत्वमा १०-१२ जनाको हतियारधारी समुहले आक्रमण गरेर आफूसहित ६ जनाको परिवारलाई गम्भीर घाइते बनाएको बताएका छन्। ठाउँकोमा १४ टाका लगाएर पत्रकार सम्मेलनमा उपस्थित भएका पासवानले प्रश्न गरे, 'हामी दलितको कोखबाट जन्मनु अपराध हो सरकार, हामी गरिब र होचा निमुखाको कहिल्यै दिन आउँदैन ।' अक्रमण भएलगत्तै प्रहरीकहाँ पुग्दा पनि उसले कुनै प्रतिक्रिया नदिएको बताउँदै ९ दिनसम्म जाहेरी नलिएको र उल्टै आफूरुलाई फसाउन जनमत पार्टी नेता महेस यादव लागेको पासवानले आरोप लगाए । पासवानले न्यायका लागि काठमाडौं पुगेर हल्ला गरे थप आक्रमण गर्ने धम्की आउन थालेको पत्रकार सम्मेलनमा बताए ।

एकीकृत दलित मुक्ति मोर्चा नेपालका संयोजक दर्शन कुमार नेपालीले सप्तरीमा दलित पासवान परिवारमाथि सांघातिक आक्रमण गर्ने यादव समुहमाथि हदैसम्मको कारबाही गर्न माग गरेका छन् । संयोजक नेपालीले घरेलु हातहातियार प्रयोग गरेर घाइते पीडितहरु प्रहरीकहाँ जाँदा उजुरी नलिनु पनि घोर पराध भएको जिकिर गर्दै भने, 'सिडियो साब र प्रहरी प्रमुख तपाईहरु पीडकको पक्षमा कि पीडितको पक्षमा हो ।'नेपाल राष्ट्रिय दलित केन्द्रका अध्यक्ष उपेन्द्र कुमार छटुन्जेलले पीडित पासवान परिवारलाई यादव समुहले घरेलु हातहतियारको प्रयोग गरी सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइको बताए।

नेपाल राष्ट्रिय दलित केन्द्रका महासचिव राजकुमार पासमानले जनमत पार्टी मधेश प्रदेशको संसदीय दलको नेता महेस यादवको दबाबमा ९ दिनदेखि जाहेरी दर्ता गर्न नदिएको आरोप लगाए । पासमानले पीडित परिवारका ६ जनामध्ये ४ जना गम्भीर घाईते भएको र उनीहरुको आर्थिक अवस्था कमजोर भएको कारण उपचारको व्यवस्था पनि नभएको बताए ।

संयुक्त दलित अधिकार मञ्च-नेपालका कार्यवहाक संयोजक सुजन साहशंकरले जात व्यवस्थाको आवरणमा निरन्तर नेपाली समाजमाजमा घटना घटिरहेको बताए ।

उक्त पत्रकार सम्मेलनमा जात व्यवस्था उन्मुलन मोर्चा नेपालकी अध्यक्ष मण्डल सदस्य शान्ति गजमेरले पीडितमाथि भएको आक्रमणको घोर भर्त्सना गर्दै पीडकलाई हदैसम्मको कारबाही र क्षतिपूर्तिको माग गरेकी थिइन् ।

## बहालवाला...

तत्कालीन उपमहानिर्देशक हाल भन्सार विभागका उपमहानिर्देशक टंकप्रसाद पाण्डे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, आन्तरिक राजस्व कार्यालय लाजिम्पाटमा तत्कालीन निर्देशक गणेशविक्रम शाहीविरुद्ध मुद्दा परेको हो ।

उनीहरुसँगै राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, रविन्द्रप्रसाद पौडेल, लेखा अधिकृत विष्णुप्रसाद गौतम, सुरक्षण मुद्रण केन्द्रका शाखा अधिकृत हरिवल्लभ घिमिरे, सुरक्षण मुद्रण केन्द्र सिंहदरबारकै तत्कालीन तत्कालीन खरिद परामर्श दाता शक्तिप्रसाद श्रेष्ठ, प्रिन्ट सेल्स प्रालिका निर्देशक केशव शर्मा र उक्त कम्पनीलाई विपक्षी बनाएर १२ जनाविरुद्ध विशेषमा मुद्दा दर्ता भएको छ ।

मुख्यसचिव अर्यालसँगै १२ जनाविरुद्ध मुद्दा दर्ता भएको मुद्दाको बिगो ३८ करोड ६७ लाख १७ हजार ६४ कायम गरिएको छ । जम्मा बिगोमा २९ प्रतिशत भुक्तानी दिइसकेको उजुरीमा उल्लेख गरिएको छ ।

अख्तियारका प्रवक्ता कार्कीका अनुसार मुख्यसचिव लगायत केही व्यक्तिविरुद्ध पूरै बिगो असुल उपरको माग दावी गरेर अख्तियारले मुद्दा दायर गरेको छ ।

## राजदूत...

विकास विभागअन्तर्गत गरिबी र विकास कार्यक्रमको दक्षिण एसिया प्रमुख रहेका उनी तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको विकास तथा सामाजिक क्षेत्रका सल्लाहकार थिए ।

डेनमार्कका लागि सुम्निमा तुलाधर, मलेसियाका लागि डा. नेत्रप्रसाद तिमिल्सिना सिफारिस भएका छन् । प्याकुरेल मानव अधिकार आयोगका पूर्वआयुक्त हुन् भने तुलाधर र तिमिल्सिना पनि अधिकारकर्मी हुन् ।

तुलाधर वरिष्ठ मानव अधिकारकर्मी पद्मरत्न तुलाधरकी छोरी हुन्। सरकारले स्पेनका लागि डा. पुष्पराज राजकर्णिकार र साउदी अरबका लागि अबुसुफ्यान खान मुसलमानको नाम सिफारिसमा परेका थिए ।

सिफारिस भएका राजदूतहरूको नाम संसदीय सुनुवाइ समितिले पारित गरेपछि सरकारले स्वीकृतिका लागि सम्बन्धित देशमा पठाउनेछ । सहमति आइसकेपछि राष्ट्रपतिले राजदूत नियुक्त गर्ने प्रावधान छ । राष्ट्रपतिबाट राजदूतहरूले पद तथा गोपनीयताको शपथग्रहण गरेपछि कार्यक्षेत्रमा जानेछन् ।

## छाउगोठमा...

लगिएको थियो । होस आएपछि उनीमाथि बलात्कार भएको खुलेको थियो। त्यसयता यो विषय संघीय संसदमा निरन्तर उठिरहेको छ । सांसदहरुले अपराध कर्ममा संलग्न किशोरमाथि हदैसम्मको सजाय माग गरिरहेका छन्। तर, गृहमन्त्रालय मौन रहेको भन्दै सरारको जवाफ माग गर्दै आएका छन् । सांसदहरुको माग अनुसार घटनाबारे जानकारी दिन सरकार तयार नभएको भन्दै सभाध्यक्ष दाहालले गृहमन्त्री लामिछानेलाई रुलिङ नै गरेका हुन् ।

विगतमा उठेका विषय विगतमा पठाउने गरेको भएता पनि सरकार गम्भीर नभएको सभाध्यक्ष दाहालको भनाइ छ । रुलिङ गर्नेक्रममा उनले आकस्मिक समय, शून्य समयलगायत समयमा सांसदले उठाएका विषय सम्बन्धित मन्त्री कहाँ नियमित पठाउने गरेका स्मरण गरे ।

'हरेक दिन पठाएका छौं। यहाँ उठेका विषयहरूका बारेमा जवाफ दिन मन्त्रीहरूको कार्यतालिका नै हामीले दिइसकेका छौं' सभाध्यक्ष दाहालले भनेका छन्, 'यी सबै विषयमा हामीले गम्भीर ढंगले रुलिङ गरेर ध्यानाकर्षण गराएका छौं ।'सभाध्यक्षको रुलिङसँगै अब सरकारले तयारी गरेर संसदमा जवाफ दिनुपर्छ । संसदीय अभ्यासमा सभाध्यक्षको रुलिङलाई बाध्यकारी मानिन्छ । कतिपयले यसलाई कार्यपालिकालाई व्यवस्थापिकाले जवाफदेही बनाउन गर्ने अभ्यासको रुपमा समेत अर्थ लगाउने गर्दछन्।

## रिटर्नी...

अनलाइनमार्फत् प्रदान गर्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए। वैदेशिक रोजगारीको सन्दर्भमा हुने ठगी लगायत गुनासा र श्रमाधान कल सेन्टरमा प्राप्त गुनासा समयमै सम्बोधन गर्ने व्यवस्था गरिएको पनि मन्त्री अर्यालले बताए ।

विदेशमा अलपत्र परेका कामदारलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न ओमान, कुवेत, साउदी अरब र इजरायलमा वैदेशिक रोजगार बोर्डबाट र १५ लाखका दरले कुल ६० लाख उपलब्ध गराइएको श्रममन्त्री अर्यालको भनाइ छ ।

कतार, मलेसिया, युएइ, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमनमा श्रम काउन्सेलर र श्रम सहचारी परिचालन गरिएको तथा सबै कुटनीतिक नियोगसँग प्रभावकारी समन्वय गरिएको दावी गरे ।

नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको श्रममन्त्री अर्यालले बताए। जर्मनी र रोमानियासँग नयाँ श्रम सम्झौता भइसकेको र आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा थप तीन देशसँग द्विपक्षीय सम्झौता गरिने उल्लेख भएकोमा सोको गृहकार्य शुरु भइसकेको उनले बताए ।

आन्तरिक सीपमूलक तालिमतर्फ सबै प्रतिष्ठानबाट हालसम्म करिब दुई हजार पाँच सय जनालाई सीप विकास सम्बन्धी विभिन्न तालिम प्रदान गरिएको जनाइएको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्ति, स्वदेशमै स्वरोजगारमा रहेका व्यक्ति, औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक गरी हालसम्म १३ लाख ४८ हजार पाँच सय ४२ व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको श्रममन्त्री अर्यालले जानकारी दिए ।

पछिल्लो तीन वर्षमा वैदेशिक रोजगारीमा गएका चार हजार श्रमिकको मृत्यु भएको र सो अवधिमा आठ सय ७० जना अङ्गभङ्ग भएको तथा कुल मृगौलाका बिरामीमध्ये ३० प्रतिशत खाडि मुलुकमा काम गर्ने नेपाली रहेको विषय संसदमा उठेको थियो ।

## ६१ नयाँ ...

र ५८४ वटा ब्लक अवस्थामा रहेको बताएको छ । ९८० म्यानपावर कम्पनी सक्रिय रहेको भएपनि जेठमा ७५४ म्यानपावर कम्पनीले ३६ हजार ७ जना कामदार वैदेशिक रोजगारीमा पठाएका थिए ।

**बरियारपट्टी गाउँपालिका**
**Bariyarpatti Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of the Rural Municipal Executive**
बरियारपट्टी, सिरहा
Bariyarpatti, Siraha
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

**Invitation for Sealed Quotation**

**Contract Identification No: BRM/09/2080/081**
**Publication Date: (2081/03/10)**

1. Bariyarpatti Municipality Office invites NCB/Sealed Quotation from eligible bidders for the Construction works of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bariyarpatti Municipality, Office of the Municipal Executive, Bariyarpatti, Rural Municipality and visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID no: | Description of works | Total Estimated Amount (with VAT and Without Contingency) NRS. | Bid Security Amount NRS. | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| BRM/09/2080/081 | Procurement Of Sanitary Pad | 15,57,527.9/- | 46,000/- | 1000/- | |

# सुदूरपश्चिम प्रदेशमा मन्त्रालय टुक्राउन मुख्यमन्त्रीलाई सकस

सुनिल आउजी/मध्यान्ह
धनगढी, ९ असार



सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले जेठ २८ गते ७ जनालाई मन्त्रीमा नियुक्त गरे । तीमध्ये ५ जनामन्त्रीहरुको अझैसम्म मन्त्रालय र जिम्मेवारी पाएका छैनन् ।

मुख्यमन्त्री सोडारीले माओवादी केन्द्र र नेकपा एमालेबाट ३-३ तथा एकीकृत समाजवादीका एक जना सांसदलाई मन्त्रीमा नियुक्त गरेका थिए । एमालेका सुरेन्द्रबहादुर पाल आर्थिक मामिलामन्त्री बन्दा माओवादी केन्द्रका ओमविक्रम भाट सामाजिक विकासमन्त्री बने ।

त्यसबाहेक एमालेका वीरबहादुर थापा र हिरा सार्की, माओवादी केन्द्रका अक्कलबहादुर रावल र लक्ष्मी वि.क तथा एकीकृत समाजवादीकी माया पन्तले मन्त्रालय पाएका छैनन् । विना विभागीय मन्त्रीमा नियुक्त उनीहरु अहिलेसम्म पनि मन्त्रालयविहीन नै बनेका छन् । सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित सात मन्त्रालय छन् । जेठ २८ मा सात मन्त्री नियुक्त हुँदा त्यसअघि नै मुख्यमन्त्री सोडारीले नागरिक उन्मुक्ति पार्टीका कैलाश चौधरीलाई भौतिक पूर्वाधार विकास र टीका थापालाई भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीमा नियुक्त गरेका थिए ।

मुख्यमन्त्री सोडारीले स्वतन्त्र सांसद डा.तारा जोशीलाई उद्योग पर्यटन वन तथा वातावरणमन्त्रीमा नियुक्त गर्ने तयारी गरेका थिए । तर, जोशीले शपथ लिएनन् । उनले मन्त्रालय फोड्ने अवस्थामा राज्यलाई आर्थिक भार पर्ने भन्दै मन्त्री पद स्वीकार गरेनन् । अहिले पाँच मन्त्री विना विभागीय हुँदा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय मन्त्रीविहीन छन् । मन्त्रालयको अभावले करिब दुई साता वितिसक्दासम्म पनि पाँच मन्त्रीहरुले न मन्त्रालय पाए, न जिम्मेवारी, झण्डा हल्लाउँदै गाडी गुडाउनमै उनी व्यस्त छन् ।

मन्त्री भएका अधिकांश सांसद, विना विभागीय मन्त्री, मन्त्रीहरू काठमाडौं केन्द्रित छन् । सत्तारुढ दलको शीर्ष नेतृत्वबाटै मन्त्रालय विभाजन, कुन मन्त्रालय कसलाई दिने भन्नेबारे टुंगो लाग्ने भएकाले नेताहरू काठमाडौं केन्द्रित भएको बताउँछन् एकीकृत समाजवादीका सुदूरपश्चिमका उपनेता प्रकाश रावल । जिम्मेवारी तोकिन अझैं समय लाग्ने पनि उनको भनाइ थियो । 'केन्द्रमा छलफल र परामर्श भइरहेको छ । केन्द्रबाटै धेरै कुराको सहमति हुने हुँदा धेरै समय नलाग्ला', उनले भने, 'सबै दलहरूले यस विषयमा आफ्नो नेतृत्वलाई भनिरहेको मैले पाएको छु । त्यसैले अब धेरै समय नलाग्ला ।'

भाग पुर्‍याउन मन्त्रालय विभाजन गर्नुपर्ने हुँदा कुन-कुन मन्त्रालय विभाजन गर्ने र विभाजित मन्त्रालयमा कसलाई दिने भन्ने विषयमा सहमति नहुँदा विनाविभागीय मन्त्रीहरूले जिम्मेवारी पाउन ढिलाइ भइरहेको नेताहरूको दाबी छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालय फुटाएर तीन वटा नयाँ मन्त्रालय बनाउने तयारी गरिएको छ । जसअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयलाई फुटाएर शहरी, ऊर्जा खानेपानी तथा सिँचाइ मन्त्रालय बनाउने, सामाजिक विकास फुटाएर शिक्षा युवा तथा खेलकुद र स्वास्थ्य मन्त्रालय तथा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय फुटाएर वन, वातावरण, विज्ञान तथा प्रविधि र उद्योग पर्यटन मन्त्रालय बनाउने तयारी अघि बढाइएको हो ।

त्यसका लागि मन्त्रिपरिषद्को बैठक बसेर सुदूरपश्चिम प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ लाई संशोधन गर्ने गरी मस्यौदा बनेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जनाएको छ । तर, मन्त्रालय विभाजनको लागि हालसम्म मन्त्रिपरिषद्को बैठक बस्न नसकेको बताइएको छ । 'मन्त्रालय फुटाएर जिम्मेवारी तोकिने विषय प्रक्रियामै छ । त्यसको लागि हालसम्म मन्त्रिपरिषद्को बैठक बस्न सकेको छैन', मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले भन्यो ।

मन्त्री नियुक्त भएको दुई साता पुग्नै लाग्दा पनि जिम्मेवारी नपाउँदा काम गर्न नसकिएको विना विभागीय मन्त्रीहरूले गुनासो गरेका छन् । 'न बस्ने ठाउँ छ, न त काम गर्ने ठाउँ नै । जनताले अपेक्षा गर्छन्, हामीलाई अधिकार छैन', विनाविभागीय मन्त्री वीरबहादुर थापा भन्छन्, 'हामीले अहिले झण्डा हल्लाउने कामबाहेक केही गर्न सकेका छैनौं । जनताको काम गर्न चाँडै जिम्मेवारी तोकिनुपर्छ ।' उनले जिम्मेवारी तोक्ने विषयमा शीर्ष नेताहरूबीच छलफल भइरहेको समेत बताए । रन्जीता पक्षधर नागरिक उन्मुतिका दुई जना सरकारमा सहभागी छन् । नाउपाले मन्त्रालय टुक्राए सरकारबाट बाहिरिने सरकारलाई दिएको समर्थन पनि फिर्ता लिने मुख्यमन्त्रीलाई दबाब दिएको गोप्य स्रोतले बताएको छ । सुदूरपश्चिममा मन्त्रालय टुक्राउन मुख्यमन्त्रीलाई सकस भएको स्रोतको दावी छ ।

# लेखा अधिकृतको मागलाई कर्मचारी संगठनको साथ



**विराटनगर/मस–** कोशी प्रदेशको निजामती सेवा ऐन संशोधनको मागसहित आन्दोलनमा रहेका लेखा अधिकृतहरूको आन्दोलनमा दल निकट कर्मचारी संगठनको साथ पाएका छन् । आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै पाँच कर्मचारी संगठनले आन्दोलनमा ऐक्यवद्धता जनाएका हुन् । उनीहरूले सबै सेवा समूहका कर्मचारीहरूको समानवृत्ति विकासको सुनिश्चितता हुनेगरी लेखा अधिकृतको माग सम्बोधन गर्न माग गरेका छन् ।

कर्मचारी संगठनले सबै सेवा समूहका कर्मचारीको समानवृत्ति विकासको सुनिश्चितता हुनेगरी माग सम्बोधन गर्न आग्रह गरेका हुन् । तह वृद्धिका लागि निजामती सेवा ऐनले विभेद गरेको भन्दै लेखा अधिकृतहरुले बिहीबारबाट काम छाडेर आन्दोलनमा गरिरहेका छन् ।

आन्दोलनमा उत्रिएका कर्मचारीहरूले लेखा समूहका कर्मचारीमाथि भएको विभेद अन्त्य गर्न माग गरेका छन् । आन्दोलनमा उत्रिएका लेखा अधिकृतहरूका अनुसार संघबाट समायोजन भएका छैठौं तहका अधिकृतको बढुवामा छुटेका छन् । तर समायोजन ऐन २०७५ अनुसार नियुक्त भएका स्थानीय तहका कर्मचारी सातौं तहमा बढुवा भएका छन्।

समायोजन भएर प्रदेशमा आएका वरिष्ठ कर्मचारी छुटेका कारण कर्मचारीहरूले ज्येष्ठता कायम रहनेगरी सातौं तहमा बढुवाको माग गरेका छन् । आठौं तहका अधिकृतलाई नवौं तहमा समूह नछुट्याउन माग गरेका छन् । माथिल्लो तहमा प्रशासन र लेखा समूह समान हुन्छन् । तर प्रदेश ऐनले लेखा र प्रशासनलाई छुट्टै राखेको छ । माथिल्लो तहमा लेखा र प्रशासन समूह समान हुने बताउँदै अधिकृतहरूले नवौं तहमा प्रतिस्पर्धा गर्ने वातावरण बनाउनका लागि लोक सेवा आयोगको विज्ञापन तत्काल स्थगन गर्न पनि माग गरेका छन् । लोकसेवा आयोगको विज्ञापनमा प्रशासन सेवाको समूहको नवौं तहको बढुवाका लागि विज्ञापन प्रकाशित छ । प्रशासन समूहका कर्मचारीले मात्रै प्रतिस्पर्धा गर्न पाउने भएका कारण उनीहरूले सबै समूहलाई प्रतिस्पर्धा गर्न पाउने गरी प्रशासन सेवा मात्रै राख्न माग गरेका हुन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/१९ मा दर्ता भएको **प्रा.लि.नं. २३३६५७** को **हिमालय स्टेट प्रा.लि.** को मिति २०८१/०३/०९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

**Reception : 1 (Female)**
**Office Manager : 1 (Male/Female)**
**Documentation : 2 (Female)**
**Office Secretary : 1 (Female)**
**Client Relation Officer : 2 (Female)**

Salary Negotiable

**Requirements:**
Experienced in the related fields.

SEND YOUR CV: info@manpowerscan.com.np
01- 5915369, 01- 5914369

**Manpower Scan Pvt.Ltd.**
Govt. Lic. No. 1609/079/080
Sahitya Marga House No 111, Behind Hotel Dwarika Gaushala 09, Kathmandu, Nepal
Web: www.manpowerscan.com.np


# हार्दिक आभार



स्व. प्रदिता राजकर्णिकार

तिमीलाई जहाँ भेट्थे
अचेल त्यहाँ छैनौं तिमी
कोठा, चोटा, बैगल, भुतु र
पूजा कोठामा खोंजे
तिमीलाई जहाँ भेट्नु पर्ने हो,
त्यहाँ थियनौं
तिमी बगैचाको एउटा कुनाको
गुलाफमा भेटे तिमीलाई ।

जन्मः २०२१/०२/०१ स्वर्गारोहणः २०८१/०१/३०

हाम्री प्राणप्रिया एवम् राजकर्णिकार परिवारकी प्रियता स्व. प्रदिता राजकर्णिकारको स्वर्गबास भएको ४५ औं पुण्यतिथीको आजको दिन हामी दिवंगत आत्माको चिर शान्तिको लागि भगवान सँग प्रार्थना गर्दछौं ।

साथै हामीलाई यस दुखद घडीमा साथ, सहयोग, सदभाव र समवेदना प्रदान गर्नुहुने सबै आफन्तजन र शुभचिन्तकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

भाष्कर राज राजकर्णिकार
समृद्धि राजकर्णिकार तथा
राजकर्णिकार परिवार


## कतारमा रोजगारको अवसर

कम्पनीः FICTIONS TRADING AND CONTRACTING
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५१४ LT. No.: 306739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १७ गते (1 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com


## मोटरसाईकल हरायो

मिति २०८१/०२/३२ गते अं. १९:३० बजेको समयमा का.जि. गोकर्णेश्वर न.पां-४, गोकर्ण स्थित गोकर्णेश्वर महोत्सबमा पार्किङ गरिराखेको अवस्थामा बा.प्र.०२-०४३ प २४४० नम्बरको 220 cc हुलास कम्पनीको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **फिक्सर्भ हायर पर्चेज लिमिटेड**
**ऋणी** : **सुरेश तामाङ**
**ईन्जिन नं.** : MD213EX9NCM86641
**च्यासिस नं.** : DKXCNM40948
**ठेगाना** : **का.जि. गोकर्णेश्वर न.पा.-४**
**सम्पर्क नं.** : **९८२५४३८५४३**


## साउदीमा रोजगार

कम्पनीः SHALFA INTERNATIONAL TRADING AND CONT. CO
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१४९७ L.T. No.:306742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Labor | 32 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असार १७ गते (1 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३



## QATAR मा रोजगार

कम्पनी : AL MIRZA TRADING FOR HEAVY EQUIPMENT AND SPARE PARTS
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५०५ LT. No.: 306721

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Representative | 0 | 1 | स. काममा दक्ष | 2200 | ८०४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १७ गते (1 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Bright Star Human Resources PVT. LTD.
Gov. Lic. No.: 703/064/65
Samakhusi, Kathmandu, Nepal, Tel.: 01- 5910659
Email: brightstarhrnp@gmail.com/ Cv.brightstar@Gmail.com
Website: brightstarshr.com


नेपाल सरकार
शहरी बिकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण बिभाग**
**सघन सहरी तथा भवन निर्माण आयोजना**
झापा

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

(प्रकाशित मिति : २०८१-०३-१०)

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाहरूको बोलपत्र आव्हान गरिएको सूचना बमोजिम E–GP मार्फ़त पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| SN | Contract Id | Project Name | Lowest Responsive Bidder | Bid Amount (Without Vat & Without Ps) |
|---|---|---|---|---|
| 1. | Pudbc/Jhapa/Works/Ncb/70/80-81 | Construction Of Integrated Urban Infrastructure In Birtamode Municipality Jhapa | Shanti/Udeshya J.v. Mechinagar -07 Jhapa | 5,89,49,985.91 |
| 2. | Pudbc/Jhapa/Works/Ncb/71/80-81 | Construction Of Integrated Urban Infrastructure In Fungling Municipality Taplejung | Om Buddha-Mks J.v. Sindhuli | 7,70,13,210.62 |

आयोजना प्रमुख


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१० असार २०८१, सोमबार
24 June 2024, Monday

## सम्पादकीय

# शिक्षामन्त्रीलाई सुझाव

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटमाथि छलफल चलिरहेको प्रतिनिधिसभामा आइतबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले जवाफ दिएकी थिइन् । उनले बजेटमाथि उठेका प्रश्नको जवाफ दिनुपर्ने कार्यसूची थियो । तर बजेटले गरेको व्यवस्थाप्रति नभएर मन्त्री श्रेष्ठसँग गरिएको सवाल र जवाफ अर्कै विषयमा केन्द्रीत रह्यो । राजनीतिक दलमा आवद्ध शिक्षक हटाउने मन्त्री श्रेष्ठको अभियानप्रति सांसदहरूले आपत्ति जनाएका थिए । मन्त्री श्रेष्ठले त्यही आपत्तिलाई प्राथमिकतामा राखिन् । किनकि मन्त्री श्रेष्ठले राजनीतिक आवद्धता भएका शिक्षक हटाउने विषयलाई प्राथमिकतामा राख्दै आएकी छन् । संभवतः आफूलाई लोकप्रिय बनाउने विषय पनि यही रहेको बुझाइमा मन्त्री श्रेष्ठ देखिन्छन् । किनकि उनी आवद्ध राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पुराना र प्रमुख राजनीतिक दलहरूको संगठन–सञ्जालविरूद्ध आवाज उठाएकै कारण लोकप्रिय मत पाएको थियो । प्रतिफल सुमना सहित रास्वपाका नेताहरू मन्त्री छन् ।

पुराना दलहरूको संगठन–सञ्जालविरूद्ध बोलिरहँदा नै लोकप्रिय बन्न सकिन्छ भन्ने बुझेरै मन्त्री श्रेष्ठले यस्तो अभिव्यक्ति दिइरहेको बुझ्न गाह्रो पर्दैन । नत्र यो विषयलाई थोरै शब्दमा सकेर बजेटमाथि उनी केन्द्रीत हुन सक्थिन् । तत्कालको दायित्व पनि बजेटमाथि विमर्श नै हो । बजेटमार्फत् शिक्षाको सुधार गर्ने अवसर अहिले उनको सामुन्नेमा छ । तर त्यसो नगरेर मन्त्री श्रेष्ठले राजनीतिक दलसँग आवद्ध शिक्षकलाई बाँकी नराख्ने चेतावनी संसद्बाटै दिइन् । जबकी मन्त्री श्रेष्ठ अहिले चेतावनी दिने ठाउँमा नभएर कार्यान्वयन गर्ने ठाउँमा छन् ।

मन्त्री श्रेष्ठ भने पुराना/प्रमुख दलहरूलाई गलत सावित गर्न सार्वजनिक अभिव्यक्ति दिइरहेको देखिन्छ । यदि परिणाम निकाल्न चाहन्थे भने उनले आवश्यक समन्वयलाई प्राथमिकतामा राख्नुपर्थ्यो । किनकि यो गठबन्धन सरकार हो । गठबन्धन सरकारमा हरेक मन्त्री र स्वयं प्रधानमन्त्रीसँग पनि सीमा हुन्छन् । अझ संसद्मा रास्वपाको आकार हेर्दा मन्त्री श्रेष्ठको चाहना अनुसार निर्णय संभव देखिदैन । यस्तो बेला परिणाम निकाल्ने भनेको सत्ता साझेदार र सरोकारवालाबीच समन्वय गरेर मात्र हो । लोकतन्त्रको न्यूनतम प्रक्रिया पनि यही हो । तर अरूलाई गलत सावित गरेर 'हिरो' बन्ने चाहना मन्त्री श्रेष्ठ र रास्वपामा धेरै देखिन्छ । त्यसैले शिक्षकले राजनीतिक दलमा आवद्ध हुन नहुने सही अडान समेत कार्यान्वयन हुनेमा शंका उत्पन्न भइरहेको छ । यसतर्फ मन्त्री श्रेष्ठले आवश्यक ध्यान दिनुपर्छ भने ठूला दल र सांसदहरूको पनि सहयोग हुनुपर्छ ।

# योगको महत्व र आवश्यकता

*योग परम्परागत चिकित्सा पद्धति र जीवनशैली हो । यो वैज्ञानिक र व्यवहारिक छ । आत्म अनुशासन कायम गर्दै स्वस्थ र सकारात्मक जीवनका लागि योगको आवश्यकता पर्दछ ।*

अग्रलेख



● ललितकुमार यादव

विविध आसन, अभ्यास, साधना, ध्यान आदिका माध्यमबाट मन र शरीरलाई जोड्ने प्रक्रिया योग हो । धार्मिक विश्वासअनुसार भगवान शिवद्वारा अनुसरण गरिएको पद्धति हो योग । महर्षी पतञ्जलिका सिद्धान्तअनुसार चित्तको वृत्तिलाई वास्तविक निरोध गर्नु नै योग हो । अर्थात् मानिसको अस्थिर मनलाई स्थिर बनाउनु हो योग । योगले मानिसलाई आफूभित्र रहेको रोगलाई निरोध गर्न सक्षम बनाउँछ । अज्ञानताबाट ज्ञानतर्फ, जडबाट चेतनातर्फ, निर्बलताबाट सवलतातर्फ, जीवनबाट ब्रह्मतर्फ, प्रत्यक्षबाट परोक्षतर्फ आध्यात्मिक यात्रा हो योग ।

योग शब्द मूलतः संस्कृत शब्द हो । नेपालीमा यो तत्सम शब्दका रूपमा आएको छ । यो शब्दको बनोट संस्कृतको 'युज्' धातुबाट भएको हो । यसका अलग अलग अर्थ छन्- समाधि, योग र संयमन । वास्तवमा योग भनेको शरीरको मन र आत्माको परमात्मासँगको मेल हो । योगले शरीर, मन र आत्मालाई संयोजन गर्दछ । योगले शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यलाई सन्तुलित राख्न मद्दत गर्दछ । योगले मानसिक शान्ति र आत्मबोध प्राप्त गर्न मद्दत गर्दछ ।

पूर्वीय दर्शन र शास्त्रहरूमा आदिमकालदेखि नै योग शब्दको प्रयोग हुँदै आएको छ । हिन्दु धर्मशास्त्रमा आत्मदर्शन र समाधिदेखि लिएर कर्मक्षेत्रसम्म योगको व्यापक प्रयोग भएको पाइन्छ । यो प्राचीन भारतीय दर्शन र शारीरिक अभ्यासको एक विधि हो । विश्वव्यापीरूपमा लोकप्रियता बढ्दै जाँदा योगको महत्व र आवश्यकता पनि बढ्दै गएको छ । योगको लाभका विभिन्न पक्षलाई विचार गर्दै यस आलेखमा योगको महत्व र यसलाई दैनिक जीवनमा समावेश गर्नुको आवश्यकताबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

योग प्राचीन समयदेखि नै शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यको लागि एक महत्वपूर्ण अभ्यासको रुपमा प्रयोग हुँदै आएको पाइन्छ । नियमित योग अभ्यासले मानिसलाई सन्तुलित र स्वस्थ जीवन जिउन प्रेरित गर्दछ । योगको प्रभावकारिता र यसबाट हुने लाभलाई ध्यानमा राख्दै यसलाई दैनिक जीवनमा समावेश गर्नु अत्यन्त आवश्यक छ । आधुनिक जीवनशैलीमा योगको महत्व र आवश्यकता झन् बढ्दै गएको छ ।

योग परम्परागत चिकित्सा पद्धति र जीवनशैली हो । यो वैज्ञानिक र व्यवहारिक छ । आत्म अनुशासन कायम गर्दै स्वस्थ र सकारात्मक जीवनका लागि योगको आवश्यकता पर्दछ । मनमा सकारात्मक भावको विकास गर्नका लागि योग आवश्यक छ । विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्य भनेको केवल रोगबाट मुक्त हुनु मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिकरूपमा स्वस्थ हुनु हो । यी सबैको प्राप्ति योगबाट नै हुन्छ ।

श्रीमद् भागवत गीतामा भगवान श्रीकृष्णले योगका तीन प्रकार बताएका छन् । ती हुन्, कर्मयोग, ज्ञानयोग र भक्तियोग ।

कर्मयोग : गीताअनुसार कसैले भक्तिपूर्वक गरेको कर्मलाई कर्मयोग भनिन्छ । कर्मयोगमा सर्वप्रथम काम त्यागनु भनिएको पाइन्छ । कर्म गर्नु नै पूजा हो । आराधना हो । 'निष्काम कर्म' नै गीताको मुख्य एकमात्र सार हो ।

ज्ञानयोग : गीताअनुसार शिक्षाद्वारा आफ्नो सम्पूर्ण जगतमा ज्ञानको प्रकाश फैलाएर उनीहरूलाई कामरूपी भवबन्धनबाट बचाउनुलाई ज्ञानयोग भनिन्छ । ज्ञानभन्दा शुद्ध चिज संसारमा केही छैन । आत्मज्ञानले व्यक्तिलाई समाधिसम्मको यात्रा गराउँछ ।

भक्ति योग : भक्ति योगको विषयमा गीता भनिएको छ कि यदि कोही व्यक्ति भगवानको सान्निध्य चाहन्छ भने उसले भगवानको भक्ति गर्नुपर्दछ । यदि कोही योगीमध्ये जसले आफ्नो अन्तःकरणमा निरन्तर भगवानको चिन्तन गर्दछ, उही योगी परमसिद्ध भनिन्छन् ।

पतञ्जलिका अनुसार अष्टाङ्ग योग अर्थात् योगका आठ अङ्ग हुन् ।



> *योगले विभिन्न स्वास्थ्य समस्याहरूबाट मानिसलाई मुक्त गराउँछ । स्वास्थ्यमा दीर्घकालीन सुधार ल्याउँछ । योगले मानिसलाई समयको व्यवस्थापन पनि गर्न सिकाउँछ । नियमित योग अभ्यासले मानिसलाई सन्तुलित र स्वस्थ जीवन जिउन मद्दत गर्छ ।*

यी आठ अङ्ग सबै धर्मको सार मानिन्छन् ।

यी आठ अङ्गहरू हुन्- यमा (पाँच परिहार)- अहिंसा, सत्य बोली र गैर लोभ । नयमा (पाँच 'धार्मिक क्रिया')- पवित्रता, सन्तुष्टि, तपस्या, अध्ययन र आत्मसमर्पण । आसन (बस्ने आसन) - स्थिर स्थिति । प्राणायाम (सासको स्थिति)- 'प्राण' अर्थात् सांस 'अयाम' अर्थात् गति । श्वासप्रश्वासका गतिलाई नियमित गर्ने क्रिया । सासको गति नियन्त्रित गर्नु । प्रत्याहार (अमूर्त) - वाह्य वस्तुद्वारा भावना अङ्गको प्रत्याहार । धारणा (एकाग्रता) - एक चित्त । ध्यान - गहन चिन्तन । समाधि (विमुक्ति)- ब्रह्मचिन्तनमा केन्द्रित, चैतन्यको साथ विलय ।

योगले शरीरमा लचिलोपना, शक्ति, र सन्तुलनमा सुधार ल्याउँछ । विभिन्न योगासनले शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छन् । शारीरिक स्वास्थ्यका लागि योगका केही लाभहरू छन् ।

योगासनहरूले शरीरको मांसपेशी र जोर्नीहरूको लचिलोपना बढाउँछ । शरीरका विभिन्न भागहरूलाई बलियो बनाउँछ, जसबाट शारीरिक सन्तुलन कायम हुन्छ । यसैगरी, योगले रक्तसञ्चारलाई सुधार गरी सन्तुलनमा राख्दछ । रक्तसञ्चार सन्तुलित हुँदा रोगहरूको जोखिम कम हुन्छ । साथै, प्राणायामले फोक्सोको कार्यक्षमता बढाउँछ । श्वासप्रश्वास प्रणाली सुदृढ हुँदा, शरीरमा थप ऊर्जाको प्राप्ति हुन्छ ।

